# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, असोज १८ गते २०६० साल (अतिरिक्ताङ्क ३३ (ङ)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट**
**विजया दशमीको शुभ उपलक्ष्यमा २०६० साल असोज १८ गते आइतबार**
**देशवासीका नाममा बक्सेको सन्देश**

प्यारा देशवासीहरु,

सत्यको असत्यमाथि विजय हुन्छ भन्ने शाश्वत सन्देश दिने नेपालीमात्रको महान चाड बडा दशैंको शुभ उपलक्ष्यमा हामी स्वदेश तथा विदेशमा रहेबसेका नेपालीहरू तथा सम्पूर्ण हिन्दूहरूको सुख, शान्ति र समृद्धिका निम्ति शुभ-कामना व्यक्त गर्न चाहन्छौं।

आपसी स्नेह, सद्‌भाव र सहयोगको संस्कार बोकेको हाम्रो समाज केही वर्षदेखि मुलुकमा चलिरहेको हत्या, हिंसा, आतङ्क तथा विकासका पूर्वाधारहरू ध्वस्त पार्ने क्रमबाट आक्रान्त छ। शान्ति कायम गर्न र जन धनको सुरक्षा गर्न खटिएका सुरक्षाकर्मीहरूले जुन साहस र उच्च मनोबल प्रदर्शन गरेका छन् त्यो प्रशंसनीय छ। उद्योग, वाणिज्य र पर्यटन लगायतका कुनै पनि क्षेत्र शान्ति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुरक्षाको स्थिति नसुध्रिएसम्म फस्टाउन सक्दैन भन्ने कुरा प्रष्ट भैसकेको छ । देशमा शान्ति सुरक्षा एवम् सुशासन बहाली होस् र पुनः विकासको सिलसिला शुरू होस् भन्ने सबै नेपालीको चाहना छ । यो जनचाहना पूरा गर्नु नै वास्तविक प्रजातन्त्र हो । आपसी मनोमालिन्य तथा शंका उपशंकाको वातावरण रहेसम्म मुलुकले आज भोग्नु परिरहेको विषम परिस्थितिको अन्त्य सम्भव छैन । तसर्थ, अब हामीले अरू समय खेर फाल्नु हुँदैन । देशलाई यस असहज स्थितिबाट पार लगाएर जनप्रतिनिधिमूलक शासन व्यवस्थालाई छिटो क्रियाशिल तुल्याउनका लागि देशभक्तिलाई नै मिलनबिन्दु मानी सबै राष्ट्रवासीहरू एकजुट भई हाल्नु परेको छ ।

अन्त्यमा, मातृभूमिको बृहत्तर हित हुने दिगो शान्ति स्थापना गरेर नेपाली जनताको सुखद् भविष्य सुनिश्चित गर्नका लागि बहुदलीय प्रजातन्त्रमा विश्वास गर्ने र इतिहासका परीक्षाहरूबाट खारिएका एवं राष्ट्रिय संस्कारबाट निर्दिष्ट सबैलाई ऐक्यबद्ध हुँदै शान्ति र विकासको नयाँ अध्याय प्रारम्भ गर्न प्रेरित गरून्- श्री नवदुर्गा भवानीमा यही हाम्रो प्रार्थना छ ।

जय नेपाल !

हुकुम बक्सेबमोजिम,
मी.सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।